# आन्तरिक राजस्व विभाग

## व्यावसायिक छुट तथा सुविधाहरु (आय वर्ष २०८०/८१ को लागि)

आयकर ऐन, २०५८ को दफा ११ बमोजिमको व्यावसायिक छुट तथा सुविधाहरु सम्बन्धी व्यवस्थालाई तलको तालिकामा प्रष्ट पारिएको छः

| दफा | व्यवसाय/निकायको विवरण/आयको अवस्था | छुट तथा सुविधा |
|---|---|---|
| दफा ११ को उपदफा (१) | कुनै फर्म, कम्पनी, साझेदारी तथा संगठित संस्थाको रूपमा दर्ता गरी कृषि व्यवसाय गरी प्राप्त गरेको आयमा र भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ को खण्ड (घ) र (ङ) मा उल्लेख भए बमोजिमको जग्गामा कृषि व्यवसायबाट प्राप्त भएको बाहेक अन्य कृषि आम्दानीमा | कर नलाग्ने |
| दफा ११ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश | कुनै फर्म, कम्पनी, साझेदारी तथा संगठित संस्थाको रूपमा दर्ता भई गरेको कृषि व्यवसाय, तरकारीलाई डिहाइड्रेड गर्ने व्यवसाय वा कोल्ड स्टोर व्यवसाय सञ्चालन गरी प्राप्त गरेको आयमा | ५० प्रतिशत छुट |
| दफा ११ को उपदफा (२) | सहकारी ऐन, २०७४ बमोजिम दर्ता भई सञ्चालन भएको कृषि वा वन पैदावरमा आधारित रेशम खेती तथा रेशम उत्पादन, फलफूल खेती, उत्पादन तथा फलफूल प्रशोधन, पशुपालन, डेरी उद्योग, कुखुरापालन, मत्स्यपालन, चिया खेती तथा प्रशोधन, कफी खेती तथा प्रशोधन, जडिवुटी खेती तथा प्रशोधन, तरकारीका बीउ बिजन उत्पादन, मौरीपालन, मह उत्पादन, रबर खेती, कवुलियति वन, एग्रोफरेष्ट्री आदि व्यावसायिक वन सम्बन्धी व्यवसायहरु जस्ता कृषि तथा वनजन्य उद्योगहरु, तरकारी भण्डारका लागि स्थापित शीत भण्डार, कृषि सम्बन्धी बीउ बिजन, पशु आहारा, दाना, कीटनाशक औषधि, मल तथा कृषि औजार (यान्त्रिक शक्तिबाट चल्ने बाहेक) को कारोबार गर्ने सहकारी संस्था तथा गाउँपालिका क्षेत्रमा सञ्चालित सहकारी संस्था वा संघको आयमा तथा यस्तो संस्था वा संघले वितरण गरेको लाभांशमा समेत | कर नलाग्ने |
| दफा ११ को उपदफा (२क) | गाउँपालिकाको क्षेत्रमा सञ्चालित लघु वित्त संस्था, ग्रामिण विकास बैङ्क, हुलाक बचत बैंङ्क, र उपदफा (२) बमोजिमका सहकारीमा जम्मा गरेको निक्षेपबाट आर्जित वार्षिक पच्चीस हजार रुपैयाँसम्मको ब्याज आयमा | कर नलाग्ने |

| | | |
|---|---|---|
| | कुनै आय वर्षमा वर्षभरि पूर्णरूपले सञ्चालनमा रहेको विशेष उद्योगबाट भएको आयमा लाग्ने करमा देहाय बमोजिम छुट हुने | |
| दफा ११ को उपदफा (२ख) | (क) बासिन्दा प्राकृतिक व्यक्तिको आयमा तीस प्रतिशतका दरले कर लागेको रहेछ भने सो करमा | एक तिहाईले |
| | (ख) निकायको आयमा लाग्ने करमा | बीस प्रतिशतले छुट |
| | कुनै व्यक्तिलाई कुनै आय वर्षमा विशेष उद्योग र सूचना प्रविधि उद्योगबाट भएको आयमा देहाय बमोजिम कर लाग्ने | |
| | - एक सय वा सो भन्दा बढी नेपाली नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिएमा लाग्ने करको | ९० प्रतिशत कर लाग्ने |
| दफा ११ को उपदफा (३) को खण्ड (क) | - तीन सय वा सो भन्दा बढी नेपाली नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिएमा लाग्ने करको | ८० प्रतिशत कर लाग्ने |
| | - पाँच सय वा सो भन्दा बढी नेपाली नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिएमा लाग्ने करको | ७५ प्रतिशत कर लाग्ने |
| | - एक हजार वा सो भन्दा बढी नेपाली नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिएमा लाग्ने करको | ७० प्रतिशत कर लाग्ने |
| | तर महिला, दलित वा अपाङ्गहरुमध्ये कम्तीमा तेत्तीस प्रतिशतलाई समेत समावेश गरी एक सय जनाभन्दा बढी नेपाली नागरीकलाई वर्षभरि प्रत्यक्ष रोजगारी दिएमा तिर्नुपर्ने रकममा थप | १० प्रतिशत छुट |
| दफा ११ को उपदफा (३) को खण्ड (ख) | (क) अति अविकसित क्षेत्रहरूमा विशेष उद्योग सञ्चालन भएको भए त्यस्तो उद्योगले व्यावसायिक उत्पादन वा कारोबार सुरु गरेको मितिले दश वर्षसम्म आयमा लाग्ने करको | १० प्रतिशत कर लाग्ने |
| | (ख) अविकसित क्षेत्रहरूमा विशेष उद्योग सञ्चालन भएको भए त्यस्तो उद्योगले व्यावसायिक उत्पादन वा कारोबार सुरु गरेको मितिले दश वर्षसम्म आयमा लाग्ने करको | २० प्रतिशत कर लाग्ने |
| | (ग) कमविकसित क्षेत्रहरुमा विशेष उद्योग सञ्चालन भएको भए त्यस्तो उद्योगले व्यावसायिक उत्पादन वा कारोबार सुरु गरेको मितिले दश वर्षसम्म आयमा लाग्ने करको | ३० प्रतिशत कर लाग्ने |
| | तर कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाहरुमा स्थापित सय भन्दा बढी नेपाली नागरिकलाई प्रत्यक्ष रोजगारी दिने बिशेष उद्योगलाई कारोबार शुरु गरेको मितिले पन्ध्र बर्षसम्म | कर नलाग्ने |
| दफा ११ को | एक अर्ब रुपैयाँभन्दा बढीको पुंजी लगानीमा स्थापना हुने र पाँच | कर नलाग्ने |

| | | |
|---|---|---|
| उपदफा (३) को खण्ड (ग) | सयभन्दा बढीलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी प्रदान गर्ने विशेष उद्योग र पर्यटन उद्योग (क्यासिनो बाहेक) लाई कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म | |
| | - त्यसपछिको तीन वर्षसम्म लाग्ने करको | ५० प्रतिशत छुट |
| | तर हाल सञ्चालनमा रहेका त्यस्ता उद्योगले कम्तीमा पच्चीस प्रतिशत जडित क्षमता वृद्धि गरी दुई अर्ब रुपैयाँ पुँजी पुऱ्याई तीन सय भन्दा बढीलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी प्रदान गरेमा त्यसरी क्षमता वृद्धिबाट प्राप्त भएको आयमा पहिलो पाँच वर्षसम्म | कर नलाग्ने |
| | - त्यसपछिको तीन वर्षसम्म लाग्ने करको | ५० प्रतिशत छुट |
| दफा ११ को उपदफा (३क) | विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगको आयमा लाग्ने आयकर र त्यस्ता उद्योगले वितरण गर्ने लाभांशमा लाग्ने करमा | |
| दफा ११ को उपदफा (३क) को खण्ड (क) | हिमाली जिल्ला र नेपाल सरकारले तोकेको पहाडी जिल्लामा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई | |
| | - कारोबार सुरु गरेको मितिले दश वर्षसम्म | कर नलाग्ने |
| | - त्यसपछिका आय वर्षमा लाग्ने आयकरको | ५० प्रतिशत छुट |
| दफा ११ को उपदफा (३क) को खण्ड (ख) | खण्ड (क) मा उल्लिखित क्षेत्र बाहेकको अन्य क्षेत्रमा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई | |
| | - कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म | कर नलाग्ने |
| | - त्यसपछिका आय वर्षमा लाग्ने आयकरको | ५० प्रतिशत छुट |
| दफा ११ को उपदफा (३क) को खण्ड (ग) | विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले वितरण गरेको लाभांशमा | |
| | - कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म | कर नलाग्ने |
| | - त्यसपछिको तीन वर्षसम्म | ५० प्रतिशत छुट |
| दफा ११ को उपदफा (३क) को खण्ड (घ) | विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगका विदेशी लगानीकर्ताले विदेशी प्रविधि वा व्यवस्थापन सेवा शुल्क तथा रोयल्टीबाट आर्जन गरेको आयमा लाग्ने आयकरको | ५० प्रतिशत छुट |
| दफा ११ को | खनिज, पेट्रोलियम पदार्थ, प्राकृतिक ग्याँस तथा इन्धन अन्वेषण | कर नलाग्ने |

| | | |
|---|---|---|
| उपदफा (३ख) | तथा उत्खनन गर्ने व्यक्तिले २०८० साल चैत्र महिनासम्म व्यापारिक रूपमा कारोबार सञ्चालन गरेमा कारोबार सञ्चालन गरेको मितिले पहिलो सात वर्षसम्म | |
| | - त्यसपछिको तीन वर्षसम्म | ५० प्रतिशत छुट |
| दफा ११ को उपदफा (३ग) | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको प्राणीशास्त्र सम्बन्धी (जुलोजिकल), भूशास्त्र सम्बन्धी (जियोलोजिकल), जीवप्रविधि (बायोटेक) सम्बन्धी पार्क सञ्चालन, प्रविधि पार्क र सूचना प्रविधि पार्कभित्र स्थापित सफ्टवेयर विकास, तथ्याङ्क प्रशोधन, साइबर क्याफे, डिजिटल म्यापिङ सम्बन्धी उद्योगको आयमा लाग्ने करको | ५० प्रतिशत छुट |
| दफा ११ को उपदफा (३घ) को खण्ड (क) | संवत् २०८४ साल चैत महिनासम्म जलविद्युत, सौर्य, वायु तथा जैविक पदार्थबाट उत्पादन हुने विद्युतको व्यापारिक रुपमा उत्पादन, प्रसारण वा वितरण सुरु गर्ने अनुमति प्राप्त व्यक्तिले | |
| | व्यापारिक कारोबार सुरु गरेको मितिले पहिलो दश वर्षसम्म | कर नलाग्ने |
| | - त्यसपछिको पाँच वर्षसम्म | ५० प्रतिशत छुट |
| | तर संवत् २०८५ साल चैत महिनासम्म वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) सम्पन्न भएका चालिस मेगावाटभन्दा माथिका जलाशय तथा अर्धजलाशययुक्त जलविद्युत आयोजना र ती आयोजनासँग तादाम्यता (टेन्डम अपरेशन) राखी सञ्चालन गरिने तल्लो तटीय जलविद्युत आयोजनाको हकमा पहिलो पन्ध्र वर्षसम्म | कर नलाग्ने |
| | - त्यसपछिको छ वर्षसम्म | ५० प्रतिशत छुट |
| दफा ११ को उपदफा (३ङ) | नेपालको स्रोतबाट कुनै आय वर्षमा निकासीबाट भएको आयमा | |
| | (क) बासिन्दा प्राकृतिक व्यक्तिको आयमा बीस प्रतिशतका दरले कर लाग्ने रहेछ भने सो करमा | २५ प्रतिशत छुट |
| | (क) बासिन्दा प्राकृतिक व्यक्तिको आयमा तीस प्रतिशतका दरले कर लाग्ने रहेछ भने सो करमा | ५० प्रतिशत छुट |
| | (ख) निकायको आयमा लाग्ने करमा | २० प्रतिशत छुट |
| | (ग) विजिनेस प्रोसेस आउटसोर्सिङ्ग, सफ्टवेयर प्रोग्रामिङ्ग, क्लाउड | ५० प्रतिशत |

| | | |
|---|---|---|
| | कम्प्युटिङ्ग लगायतका सूचना प्रविधिमा आधारित सेवा निर्यात गरी सो बापत विदेशी मुद्रा आर्जन गरेमा त्यस्तो व्यक्तिलाई आर्थिक वर्ष २०८४/८५ सम्म विदेशी मुद्रामा प्राप्त गरेको आयको हदसम्म लाग्ने करमा | छुट |
| दफा ११ को उपदफा (३च) | कुनै निकायले देहाय बमोजिम कार्य गरी सोबाट प्राप्त आयमा व्यापारिक कारोबार सञ्चालन गरेको मितिले दश वर्षसम्म लाग्ने करमा देहाय बमोजिम | |
| दफा ११ को उपदफा (३च) को खण्ड (क) | ट्राम वा ट्रली बस सञ्चालन | ४० प्रतिशत छुट |
| दफा ११ को उपदफा (३च) को खण्ड (ख) | रोपवे, केवलकार, आकासे पुल निर्माण गरी सञ्चालन | ४० प्रतिशत छुट |
| दफा ११ को उपदफा (३च) को खण्ड (ग) | सडक, पुल, सुरुङ्ग मार्ग, टनेल, रेल्वे, विमानस्थल निर्माण गरी सञ्चालन | ५० प्रतिशत छुट |
| दफा ११ को उपदफा (३छ) | धितोपत्र बजारमा सूचीकृत भएका उत्पादनमूलक, पर्यटन सेवा, जलविद्युत उत्पादन, वितरण तथा ट्रान्समिसन गर्ने र दफा ११ को उपदफा (३ग) मा उल्लेख भएका निकायहरुलाई लाग्ने करमा | १५ प्रतिशत छुट |
| दफा ११ को उपदफा (३ज) | अति अविकसित क्षेत्रमा स्थापित फलफूलमा आधारित ब्राण्डी, साइडर एवम् वाइन उत्पादन गर्ने उद्योगलाई कारोबार सुरु गरेको मितिले दश वर्षसम्म | ४० प्रतिशत छुट |
| | अविकसित क्षेत्रमा स्थापित फलफूलमा आधारित ब्राण्डी, साइडर एवम् वाइन उत्पादन गर्ने उद्योगलाई कारोबार सुरु गरेको मितिले दश वर्षसम्म | २५ प्रतिशत छुट |
| दफा ११ को उपदफा (३झ) | कुनै व्यक्तिले बौद्धिक सम्पत्ति निर्यात बापत प्राप्त रोयल्टी आयमा लाग्ने आयकरको दरमा | २५ प्रतिशत छुट |
| दफा ११ को उपदफा (३ञ) | कुनै व्यक्तिले बौद्धिक सम्पत्तिको हस्तान्तरणद्वारा बिक्री गरी प्राप्त गरेको आयमा लाग्ने आयकरको दरमा | ५० प्रतिशत छुट |
| दफा ११ को उपदफा (३ट) | एक अर्ब रुपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना भएको पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योग वा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनीलाई | |

| | | |
|---|---|---|
| को खण्ड (क) | - कारोबार सुरु गरेको मितिले ५ वर्षसम्म | कर नलाग्ने |
| | - त्यसपछिको ३ वर्षसम्म लाग्ने आयकरको दरमा | ५० प्रतिशत छुट |
| दफा ११ को उपदफा (३ट) को खण्ड (ख) | तीन अर्ब रुपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना भएको पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योग वा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनीलाई | |
| | - कारोबार सुरु गरेको मितिले १० वर्षसम्म | कर नलाग्ने |
| | - त्यसपछिको ५ वर्षसम्म लाग्ने आयकरको दरमा | ५० प्रतिशत छुट |
| दफा ११ को उपदफा (३ट) को खण्ड (ग) | पाँच अर्ब रुपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना भएको पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योग वा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनीलाई | |
| | - कारोबार सुरु गरेको मितिले १५ वर्षसम्म | कर नलाग्ने |
| दफा ११ को उपदफा (३ठ) | विशेष उद्योग र पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योगले आफ्नो सञ्चित मुनाफालाई सोही उद्योगको क्षमता विस्तारको लागि शेयरमा पुँजीकरण गरेको अवस्थामा त्यस्तो पुँजीकरणमा लाभांश वितरण स्वरूप लाग्ने लाभांश करमा | कर नलाग्ने |
| दफा ११ को उपदफा (३ड) | पचास करोड रुपैयाँ वा सोभन्दा बढी चुक्ता पुँजी भएको प्राइभेट कम्पनीको रूपमा सञ्चालनमा रहेको कुनै कम्पनी पब्लिक कम्पनीको रूपमा परिणत भई कारोबार सञ्चालन गरेमा त्यसरी पब्लिक कम्पनीको रुपमा परिणत भएको मितिदेखि तीन वर्षसम्म लाग्ने करमा<br>तर कम्पनी ऐन, २०६३ को दफा १२ बमोजिम पब्लिक कम्पनीको रुपमा संस्थापन हुनुपर्ने कम्पनीले यस उपदफा बमोजिमको सुविधा पाउने छैन । | दश प्रतिशत छुट |
| दफा ११ को उपदफा (३ढ) | स्वदेशी चिया उत्पादन र प्रशोधन गर्ने उद्योग, दुग्ध पदार्थको कारोबार गर्ने डेरी उद्योग र कपडा उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन बिक्री गरी प्राप्त गरेको आयमा लाग्ने आयकरको दरमा | ५० प्रतिशत छुट |
| दफा ११ को उपदफा (३ण) | सामुदायिक संस्थाबाट सञ्चालन गरिएका स्वास्थ्य संस्थाको करयोग्य आयमा लाग्ने करमा | २० प्रतिशत छुट |
| दफा ११ को | लघु उद्यमलाई व्यवसाय वा कारोबार | |

| | | |
|---|---|---|
| उपदफा (३त) | -सुरु गरेको मितिले ७ वर्षसम्म | कर नलाग्ने |
| | -यस्तो लघु उद्यम महिला उद्यमीबाट सञ्चालन भएमा थप तीन वर्ष | कर नलाग्ने |
| दफा ११ को उपदफा (३थ) | कुनै आय वर्षमा कुनै निकायले सार्वजनिक पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने जस्ता आयोजनाहरू र विद्युत गृह निर्माण, उत्पादन र प्रसारण गरेमा त्यस्तो निकायलाई सो निकायको करयोग्य आयमा लाग्ने करमा | २० प्रतिशत छुट |
| दफा ११ को उपदफा (३द) | औद्योगिक क्षेत्र वा औद्योगिक ग्राममा स्थापना वा स्थानान्तरण भई सञ्चालनमा रहेको विशेष उद्योगलाई | |
| | - उत्पादन शुरू भएको मितिले तीन वर्षसम्म लाग्ने करमा | ५० प्रतिशत छुट |
| | - त्यसपछिको पाँच वर्षसम्म लाग्ने करमा | २५ प्रतिशत छुट |
| दफा ११ को उपदफा (३ध) | स्वदेशमा उत्पादन गरेको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ विशेष उद्योगलाई बिक्री गरी प्राप्त गरेको आयमा लाग्ने करमा | २० प्रतिशत छुट |
| दफा ११ को उपदफा (३न) | नवप्रवर्तनकारी ज्ञान, सोच, सीप, प्रविधि, व्यवहार र तरिका प्रयोग गरी वार्षिक एक करोडसम्म कारोबार गर्ने विभागले तोकेको स्टार्ट अप व्यवसायलाई कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म | कर नलाग्ने |
| दफा ११ को उपदफा (३प) | काठमाडौं उपत्यकामा सञ्चालनमा रहेको कुनै विशेष उद्योग काठमाडौं उपत्यका बाहिर स्थानान्तरण भई सञ्चालन भएमा त्यसरी स्थानान्तरण भई | |
| | - सञ्चालन भएको मितिले तीन वर्षसम्म | कर नलाग्ने |
| | - त्यसपछिको दुई वर्षसम्म लाग्ने करमा | ५० प्रतिशत छुट |
| दफा ११ को उपदफा (३फ) | वातावरणमा प्रत्यक्ष असर पार्ने प्रयोग भइसकेका वस्तु मात्र कच्चा पदार्थका रुपमा प्रयोग गरी नयाँ वस्तु उत्पादन गर्ने उद्योगलाई | |
| | - कारोबार शुरु गरेको मितिले पहिलो तीन वर्षसम्म लाग्ने करमा | ५० प्रतिशत छुट |
| | - त्यस पछिको दुई वर्ष लाग्ने करमा | २५ प्रतिशत छुट |

| | | |
|---|---|---|
| दफा ११ को उपदफा (३ब) | स्वास्थ्य खोप, अक्सिजन ग्यास तथा स्यानिटरी प्याड उत्पादन गर्ने उद्योगलाई | |
| | उत्पादन सुरू भएको मितिले पाँच वर्षसम्म | कर नलाग्ने |
| | - त्यसपछिको दुई वर्षसम्म | ५० प्रतिशत छुट |
| दफा ११ को उपदफा (३भ) | विद्युतीय सवारी उत्पादन तथा एसेम्बल गर्ने उद्देश्यले संवत् २०८२ साल असार महिनासम्म स्थापना हुने उद्योगलाई कारोबार शुरू गरेको मितिले पाँच वर्षसम्म लाग्ने करमा | ४० प्रतिशत छुट |
| दफा ११ को उपदफा (३म) | कृषि औजार उत्पादन गर्ने उद्देश्यले संवत् २०८२ साल असार महिनासम्म स्थापना हुने उद्योगलाई कारोबार शुरू गरेको मितिले पाँच वर्षसम्म | कर नलाग्ने |
| दफा ११ को उपदफा (४) | कुनै व्यक्तिले दफा ११ बमोजिम बेग्लाबेग्लै कर छुट सुविधा पाउने कारोबार गरेको रहेछ भने त्यस्तो सुविधा लिन आयको गणना गर्दा छुट्टाछुट्टै व्यक्तिले सो आय प्राप्त गरेको सरह मानी आय गणना गर्नु पर्ने। | |
| दफा ११ को उपदफा (५) | एउटै आयको सम्बन्धमा यस दफा बमोजिम एकभन्दा बढी छुट पाउन सक्ने अवस्था भएको व्यक्तिले उपदफा (२ख) बमोजिमको सुविधाको अतिरिक्त आफूले रोजेको कुनै एउटा छुट मात्र पाउने। | |
| दफा ११क. | पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गर्नको लागि नेपाल सरकार र कुनै व्यक्तिका बीच कुनै सम्झौता भएमा त्यस्तो सम्झौता गर्दाको बखत कायम रहेको ऐनले व्यवस्था गरेको करका सुविधाहरु त्यस्तो पूर्वाधार निर्माण तथा सञ्चालन गर्ने व्यक्तिले सम्झौता अवधिभर उपभोग गर्न पाउने। | |

****